महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

देवघाट गाउँपालिका

तनहुँ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
देवघाट गाउँपालिका
तनहुँ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

देवघाट गाउँपालिका

तनहुँ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८० . मितिः २०७९।१२।२९
च.नं १०३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
देवघाट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, तनहु ।

कैफियत सहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ४करोड ७२ लाख ७२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु २१ लाख ५५ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १ करोड लाख २४ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड ५९ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु ४९ लाख ४१ हजार पेश्की रू ५२ लाख ४५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ३ करोड ७० लाख ५० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ५६ लाख २३ हजार रहेको छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

देवघाट गाउँपालिका, तनहुँ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु							
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३१	७८	४०७२७२	१	३	२१५५	३०	७५	३८५७२	१२४४६	४९४१	१५९४१	०	०	०	५२४४

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	३४	शिर्षक फरक पारी गरेको खर्च सम्परिक्षण गरिएको	२१२३५३३
२	४०	अग्रिम कर कट्टी रकम प्रमाण पेश भएकोले संपरिक्षण गरिएको	२२५९०
३	७८।१	अग्रिम कर कट्टी रकम प्रमाण पेश भएकोले संपरिक्षण गरिएको	९०८०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
देवघाट गाउँपालिका	३७०५०	०	०	०	०	३८५७२	७५६२३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : देवघाट गाउँपालिका, तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Ramesh Subedi	२०७८-७-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	Umanath Dhakal	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	३८,५७२,०३०

गत बर्षको जिम्मेवारी		५,१०,६२,७६४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८,९०,४९,७५९	**चालु खर्च**	०
प्रदेश सरकारबाट अनुदान	१,३५,०७,५००	**पूँजीगत खर्च**	७,४१,५९,६४५
राजश्व बाँडफाँट	८,८०,९१,८२०	**वित्तीय/अन्य व्यवस्था**	३२,३८,९४,३२१
आन्तरिक आय	१,८०,४९,२५८		
अन्य आय	८,३०,१४,१३६		
कुल आय	४९,१७,१२,४७३	**कुल खर्च**	३९,८०,५३,९६६
बाँकी मौज्दात		१४,४७,२१,२७१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** — स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ५ वडा २९ सभा सदस्य १५९ व.कि.मि.क्षेत्रफल र १६१३१ जनसंख्या रहेको छ । .	
२			**लेखापरिक्षण** लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण नमुना छनौट लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण नीति मानदण्ड मार्गदर्शन निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।	
३			**वितिय प्रतिवेदन**	

प्राप्ती भुक्तानी हिसाव				
विवरण	बजेट	प्राप्ति/भुक्तानी		जम्मा
प्राप्ती (क+ख)	४९५८०२७५२	४२८७१७११०		४२८७१७११०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	४७६५७७०००	४०९१५९१६०	०	४०९१५९१६०
११००० कर	७५७२१०००	८८०९१८२०	०	८८०९१८२०
१३००० अनुदान	३६७३४५०००	३०२५५७२५९	०	३०२५५७२५९
संघीय सरकार	३४८२९९०००	२८९०४९७५९	०	२८९०४९७५९
प्रदेश सरकार	१९०४६०००	१३५०७५००	०	१३५०७५००
१४००० अन्य राजस्व	३३५११०००	१८०४९२५८	०	१८०४९२५८
१५००० विविध प्राप्ति	०	४६०८२२	०	४६०८२२
ख. अन्य प्राप्ति	१९२२५७५२.	१९५५७९४९		१९५५७९४९
कोषहरु	१९२२५७५२.	१५७२०२०८	०	१५७२०२०८
धरौटी	०	३८३७७४१	०	३८३७७४१
भुक्तानी (ग+घ)	५३३८०२७५२	३३४०३२१३२		३३४०३२१३२
ग. भुक्तानी (सञ्चित कोषबाट)	५१४५७७०००	३२२८९२४२६		३२२८९२४२६
पारिश्रमिक /	१६६५१४५००	१४७८७३७८७	०	१४७८७३७८७
सेवाको उपयोग	११२९८१७४५	६७९९७३५६	०	६७९९७३५६
सहायता	२५१७८०००	१९५७५६४७	०	१९५७५६४७
२६००० अनुदान	४०२००००	३५२००००	०	३५२००००
२७००० सामाजिक सुरक्षा	९६३२०००	५३७०७३६	०	५३७०७३६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य खर्च</td><td>८७९०८५६</td><td>४३९५२५३</td><td>०</td><td>४३९५२५३</td></tr>
<tr><td>वित्तीय सम्पत्ती / पूँजीगत खर्च</td><td>१८७४५९८९७</td><td>७४१५९६४५</td><td>०</td><td>७४१५९६४५</td></tr>
<tr><td>घ. अन्य भूक्तानी</td><td>१९२२५७५२</td><td>१११३९७०६</td><td></td><td>१११३९७०६</td></tr>
<tr><td>कोषहरु</td><td>१९२२५७५२</td><td>८५१२२११</td><td>०</td><td>८५१२२११</td></tr>
<tr><td>धरौटी</td><td>०</td><td>३२३८३५५</td><td>०</td><td>३२३८३५५</td></tr>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td>-६१०८६१</td><td></td><td>-६१०८६१</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>-३८००००००</td><td>९४६८४९७७</td><td></td><td>९४६८४९७७</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>५१०६२७६</td><td></td><td>५१०६२७६४</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>-३८००००००</td><td>१४५७४७७४२</td><td></td><td>१४५७४७७४२</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>१४४७२१२७१</td><td></td><td>१४४७२१२७१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन
· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिवेदन तयार गरेको पाईएन । · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। · कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । · स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिकवार्षिकरणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । · स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । · दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन · वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन। · मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। · कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । · ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। · स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । · स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन · स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । · संस्था दर्ता ऐन २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । · सञ्चालित योजनाको सूचना पाटीमा आय—व्ययअपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। · वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । · निजामती सेवा ऐन २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । · आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको · विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको · वातावरण संरक्षण ऐन २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण १०० मि सम्मको पुललिफ्ट सिँचाइसडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको · स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको · निजामती सेवा ऐन २०४९ को दफा ७२ (ख) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले गाउँपालिका र स्वास्थय तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खर्च गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन गर्न सक्ने आधार देखिएन ।तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्दछ · स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई बमोजिमको कार्य भएको देखिएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५			**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु १६ लाख ७७ हजार खर्च लेखेको छ।यसरि गरिएको खर्च आन्तरिक आयको ७ प्रतिशत रहेको छ। यसरि तर भ्रमणको उद्धेश्यअनुगमन तथा भ्रमण प्रतिवेदनभ्रमण अभिलेखदुरीको विवरणसवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।	
६			**खाना तथा विविध खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुस्ट्याई गर्ने प्रमाण कागजात समेतको लेखा राख्नुपर्ने एवंम नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम सम्बन्धी मापदण्ड २०७७ को दफा ३ मा सार्वजिनक निकाय तथा सार्वजिनक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय समान मसलन्द पानि बिजुली इन्धन विविध खर्च लगायतका शिर्षकमा खर्च गर्दा मितव्ययि कायम हुने गरि खर्च गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले खाना खाजा तथा अतिथि सत्कारको लागि रु १८ लाख २७ हजार खर्च गरेको छ।जुन आन्तरिक आयको २ प्रतिशत रहेको छ। लेखापरिक्षणको क्रममा नमुना छनोटको आधारमा हेर्दा स्पष्ट्र प्रयोजन र आधार नखुलाई खर्च गरेको देखिन्छ। पालिकाले यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।	
७			**नक्सा पास**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७८।७९ मा ६९ वटा घरको नक्सापासको लागि गत बर्ष ६० वटा निवेदन दिएकोमा यस बर्ष २२ गरि जम्मा ८२ वटा निवेदन दिएकोमा २२ वटा घरको घर सम्पन्न प्रमाणपत्र दिएको देखिन्छ। । पालिकाले आफ्नो क्षेत्रिभित्रको धेरै घरहरु बनेको अवस्थामा समेत नक्सा पास गररेको पाइएन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ ।	
८			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ४८४ मृत्यु दर्ता २१३ वटा नाता प्रमाणित ३३३ वटा विवाह दर्ता २५७ घरवाटो शिफारिश ५२३ वटा नागरीकता शिफारिश ६६० वटा र अन्य ६०८५ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो ।पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ	
९			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ रहेको र यो बर्ष १ मुद्दा दर्ता भएकोमा कुनैपनि फछ्र्यौट नभई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१०			**क्षेत्रगत बजेट तथा खर्च** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>कुल खर्च मध्ये खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२७७३९६०५</td><td>१२०९९५०३</td><td>४</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>२४५८२०१६८</td><td>१८९२२६९२३</td><td>५९</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१३४९९८४६९</td><td>५६६४१४८१</td><td>१८</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>४७४४०००</td><td>२६००७३२</td><td>१</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१०१२७४७५७</td><td>६२३२३७८५</td><td>१८</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>५१४५७७०००</td><td>३२२८९२४२६</td><td></td></tr>
</table>
उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये पुर्वाधार विकासमा कुल खर्चको १८ प्रतिशत रहेको छ भने सामाजिक विकासमा ५९ प्रतिशत खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>चौमासिक पँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यलयले उपलब्ध गराएको प्रगति प्रतिवेदन बमोजिम चौमासिक खर्चको विवरण अनुसार चौमासिक पुजिगत</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ७० प्रतिशत खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक बर्षको अन्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ
रु हजारमा
<table>
<tr><td rowspan="2">क्र.सं.</td><td rowspan="2">बजेटउपशीर्षक</td><td colspan="2">बजेटरखर्च</td><td colspan="2">प्रथमचौमासिक</td><td colspan="2">दोस्रोचौमासिक</td><td colspan="2">तेस्रोचौमासिक</td></tr>
<tr><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td></tr>
<tr><td>१</td><td>पुजीगत</td><td>१८७४५९</td><td>७४१५९</td><td>१९८००</td><td>११५८४</td><td>२५३५०</td><td>१००८७</td><td>१४२३०९</td><td>५२४८८</td></tr>
<tr><td colspan="3">खर्च प्रतिशत</td><td>४०</td><td></td><td>१६</td><td></td><td>१४</td><td></td><td>७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
वित्तीय समानीकरणवाट चालू खर्चः

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व बाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छ ।भने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमा खर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहायअनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु २ करोड ६५ लाख विनियोजन गरि रु १ करोड ९० लाख ४ हजार खर्च गरेको छ।चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा महंगि भत्ता र करारमा कर्मचारी नियुक्ति गरि तलब भत्ता भुक्तानीमा मात्र रु १ करोड ३५ लाख २१ हजार खर्च गरेको छ। समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>खर्च संकेत नं.</th><th>खर्च शीर्षक</th><th>अन्तिम बजेट</th><th>खर्च</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td colspan="2">नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान</td><td>२२६०००००</td><td>१६५०९९८३</td></tr>
<tr><td>१</td><td>२११३२</td><td>महंगी भत्ता</td><td>२००००००</td><td>७८८५९९</td></tr>
<tr><td>२</td><td>२११३४</td><td>कर्मचारीको बैठक भत्ता</td><td>४०००००</td><td>३९६०००</td></tr>
<tr><td>३</td><td>२११३९</td><td>अन्य भत्ता</td><td>१०००००</td><td>०</td></tr>
<tr><td>४</td><td>२२४१३</td><td>करार सेवा शुल्क</td><td>१७५०००००</td><td>१२७३३६७३</td></tr>
<tr><td>५</td><td>२२५२९</td><td>विविध कार्यक्रम खर्च</td><td>१०००००</td><td>९१७१०</td></tr>
<tr><td>६</td><td>२७२१३</td><td>औषधीखरिद खर्च</td><td>२५०००००</td><td>२५०००००</td></tr>
<tr><td>२</td><td colspan="2">गण्डकी प्रदेश - समानिकरण अनुदान : गण्डकी प्रदेश - नगद अनुदान</td><td>३९०००००</td><td>२४९५१४१</td></tr>
<tr><td>१</td><td>२२२२१</td><td>मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च</td><td>१०००००</td><td>०</td></tr>
<tr><td>२</td><td>२२२९१</td><td>अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च</td><td>२५०००००</td><td>२४९५१४१</td></tr>
<tr><td>३</td><td>२८९११</td><td>भैपरी आउने चालु खर्च</td><td>१३०००००</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>स्थानिय र संघिय कार्यक्रममा एकरुपताः

पालिकाले स्वास्थ्य कार्यक्रम तर्फ विभिन्न कार्यक्रम आन्तरिक स्रोत बाट बजेट विनियोजन गरि खर्च गरेकोमा सोहि</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रममा संघिय ससर्त अनुदान बाट बजेट विनियोजन भएको हुँदा पालिकाले एउटै र एकै लक्ष्य वोकेका कार्यक्रममामा रु १२ लाख ५० हजार बजेट विनियोजन गरि रु ११ लाख २६ हजार खर्च गरेको देखिन्छ।एकै प्रकृतिका कार्यक्रम २ तहका सरकारले चलाउदा कार्यमा दोहोरोपना हुने सम्भावना रहने हुँदा अन्य सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडी वढाउनुपर्ने देखिन्छ।
रु हजारमा
<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>खर्च शीर्षक</th><th>स्रोत</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>कर्मचारीहरुको लागि मासिक, चौमासिक, वार्षिक गोष्ठि संचालन तथा संचार, ईन्धन खर्च</td><td>२२५२९</td><td>राजस्व बाँडफाँड - संघीय सरकार</td><td>३,००</td><td>३,००</td><td>१००.</td></tr>
<tr><td>नियमित गर्भवति जाचँ सुत्केरी प्रोत्साहन भत्ता, सुत्केरी उदार कोष</td><td>२११३९</td><td>राजस्व बाँडफाँड - संघीय सरकार</td><td>१,७५</td><td>१,११</td><td>६३.८३</td></tr>
<tr><td>बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुलाई केस गराए वापत प्रति केश रु. एक हजार र रात्री खाजा भत्ता</td><td>२२५२२</td><td>राजस्व बाँडफाँड - संघीय सरकार</td><td>१,२५</td><td>६७</td><td>५३.६</td></tr>
<tr><td>म.स्वा.से.हरुको मासिक प्रतिवेदन, रिफ्रेसर तालिम, संचार खर्च अर्धवार्षिक गोष्ठि, म.स्वा.से.हरुको आवश्यक सामाग्री खरिद</td><td>२२५११</td><td>राजस्व बाँडफाँड - संघीय सरकार</td><td>५,८४</td><td>५,८३</td><td>९९.९८</td></tr>
<tr><td>राष्ट्रिय भिटामिन ए र जुकाको औषधी वितरण कार्यक्रम तथा अनुगमन/म.स्वा.से अन्य कार्यक्रमको लागि म.स्वा.से हरुलाई खाजा,</td><td>२२५२९</td><td>राजस्व बाँडफाँड - संघीय सरकार</td><td>६६</td><td>६५</td><td>९८.९५</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खाना, यातायात	
१४			**कानुन निर्माण गर्ने परामर्शः** सार्वजनिक खरिद ऐन२०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाले ऐन कानुन निर्माणको लागि भौ नं ५४८ बाट गाउँपालिकाको लागि सिर्जना कन्सल्टेन्सी लाई रु २९४२५२।र भौ नं ५३३ बाट ग्लोबल सप्लायर्स लाई रु ३९४३७०। गरि जम्मा रु ६८८६२२।भुक्तानी गरेको छ।पालिकाले देवघाट गाउँपालिकाको औद्योगिकग्राम संचान कार्यविधि, देवघाट गाउँपालिको सुशासन ऐन र सुशासन नियमावलि तथा ऐन कानुन संग्रह निर्माण गरेको भनि उक्त परमर्शदाता लाई भुक्तानि दिएको छ। कार्यालयमा थुपै जनशक्ति भएको अवस्थामा समेत बाह्र परामर्शदाता बाट कार्य गराउनु नियमसम्मत नदेखिएको रु	६८८,६२२
१५			**आय ठेक्का** **आय ठेक्का** त्रिशुली नदी भुवनटार घाट माथिल्लो खण्डको, ठेक्का नम्बर ५।२०७८।७९, लागि २१००० घन मीटरको लागि अग्रिम कर रु ७८२०३।३२ मूल्य अभिवृद्धि कर रु ६७४३६५। समेत जम्मा रु ५९६९५२०।४७ मा घाटको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्न निर्माण व्यवसायी शिवशंकर विल्डर्स एण्ड सप्लायर्स प्रा.ली. ले ठेक्का कबोल गरेकोमा कार्यपालिकाको मिति २०७९।०२।१५ को निर्णयबाट ठेक्का रद्ध भएको उल्लेख गरेको देखिएकोले पालिकालाई रु ५९६९५२०।४७ राजश्व गुमेको छ। पालिकाले के कारणले गर्दा घाटको ठेक्का रद्ध गर्नुपर्नाको कारण समेत उल्लेख गरेको देखिएन।त्यस्तै पालिकाले देहाए अनुसारका नदीजन्य उत्खनन् गर्न सूचना प्रकाशन गरेकोमा ठेक्का नै नलागेको देखियो। ठेक्का नलाग्नुको कारण उल्लेख गरेको छैन। पालिकाले आफ्नो आन्तरिक स्रोत बढाउन समयमै सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गराई आयस्रोत बढाउनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>ठेक्का नम्बर</th><th>घाटको नाम</th><th>उत्खनन् गर्ने परिमाण</th><th>न्युनतम दरभाउ रकम भ्याट बाहेक</th></tr>
<tr><td>७।२०७८।७९</td><td>त्रिशुली नदी गाईघाट</td><td>२७२८ घ.मी.</td><td>६७३६८२</td></tr>
<tr><td>८।२०७८।७९</td><td>सेती नदि मास्दी घाट</td><td>३५३९ घ.मी.</td><td>८७४०४१</td></tr>
<tr><td>९।२०७८।७९</td><td>सेती नदि डाल्दी घाट माथिल्लो</td><td>४९७३ घ.मी.</td><td>१२२८०८३</td></tr>
</table>

त्रिशुली नदी भुवनटार घाट तल्लो शिव शंकर विल्डर्स एण्ड सप्लायर्स प्रा.ली. लाई ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्न दिएको क्षेत्रको सीमा नाघेर अरु बढी परिमाण उठाएको भनी गाउँ कार्यपालिकाको मिति २०७८।११।१० को बैठकबाट उक्त निर्माण व्यवसायीलाई रु ६००००। लगाई तिरेको समेत देखियो। तर उक्त निर्माण व्यवसायीबाट कति परिमाण ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन भयो सो नखुलाई जरीवाना तोकेको छ। नदीजन्य पदार्थको चोरी निकासी तथा सीमा नाघेर काम गरेको स्थानीय अनुगमन समितिको उत्खनन् परिमाण प्रतिवेदन पेश गर्नुपर्नेमा सो प्रतिवेदन लिने गरेको देखिएन। पालिकाले सीमा मिची काम गरेमा कति परिमाणमा नदीजन्य पदार्थ उत्खनन् भएर जरिवाना गरियो उल्लेख गर्न नसक्दा पालिकाको राजश्व समेत गुम्न जान सक्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>वक्यौता आय

गाउँपालिकार गैंडाकोट विल्डर्स एण्ड सप्लायर्स प्रा.ली. वीच मिति २०७९।०१।०४ मा निजी जग्गाको माटो उत्खनन</td><td>६०३,०२१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा ढुङ्गा उत्खनन गर्ने कार्यका लागि १००२४.५५ घ.मी. को मूल्य अभिवृद्धि कर, अग्रिम कर सहित रु ८०।८० का दरले वातावरण शुल्क वापत रु ८०९९८४ बुझाउनुपर्नेमा उक्त सप्लायर्सले ११३१६ घनमिटर माटो तथा ढुङ्गा उत्खनन गरेको देखिएकोले उक्त परिमाणको दर रु ८०।८० ले रु ९१४३३३ बुझाउनुपर्नेमा रु ३११११२ मात्र तिरेको देखिएकोले तिर्न बाँकी रु ६०३०२१ खुद सहित असुल गर्नुपर्ने रु
<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>१६.१</td><td>असुल गर्न बाँकि आय</td><td>६,०३,०२१</td></tr></table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>करार सेवा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी सवारी चालक माली वगैचे चौकिदार कार्यालय सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ।पालिकाले कारार सेवा बाट लिन सकिने पद बाहेक देहायको पदमा करारमा कर्मचारी पदपुर्ति गरेको पाइयो पालिकाले लोकसेवा बाट कर्मचारी माग गरि पदपर्ति गर्नुपर्नेमा सो नगरि कारार बाट पदपुर्ति गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।
<table><tr><th>नाम</th><th>पद</th><th>मासिक तलब</th><th>बार्षिक</th></tr><tr><td>कृष्ण राज पन्थ</td><td>अधिकृत छैटौ</td><td>३७९९०</td><td>४९३८७०</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>फुलमाया गुरुङ्ग</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>अनुरुद्र काफ्ले</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>शशी थापा मगर</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>होम बहादुर भारती</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>उमा चन्द्र</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>मिना दाहाल</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>महेद्र राज</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>बर्षा भाट</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>अन्जली थापा</td><td>सहायक चौथो</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>बिष्णु बहादुर कमली</td><td>सहायक पाचौं</td><td>३०२००</td><td>३९२६००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४२३३८४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले पटके निर्णय गरि ७ जना कर्मचारीहरुलाई कार्यक्रम तथा बजेट संसोधन जस्ता कार्यमा खटिएको भनि प्रति व्यक्ति १ महिनाको तलबगरि प्रोत्साहन भत्ता रु २४४४४०। भुक्तानी गरेको छ। अतिरिक्त</td><td>२४४,४४०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्य गरेको हाजिरि नभएको साथै कार्यविधि नबनाई प्रोत्साहन भुक्तानी गर्दा आर्थिक व्ययभार पर्ने परेको देखिन्छ। कार्यविधि नबनाई खर्च गरेको रकम अनियमितो देखिएको रु २४४४०।	
२०			**करारको कर्मचारीलाई कल्याणकारी कोष तथा महंगि भत्ताः** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्र अनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव स्केल र कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपामा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व साथै सालबसाली रुपमा एक पटक चैत महिनामा पोशाक भत्ता जस्ता सुविधा मात्र सम्झौतामा उल्लेख गरि करारको कर्मचारीहरुको सेवा सुविधा तोक्न मिल्ने हुदा सोहि अनुसार कार्यान्वयन गर्नु पर्ने उल्लेख छ। कार्यालयले करार तथा ज्यालादारीमा नियुक्त गरेको कर्मचारी हरुलाई तलब स्केलको ५ प्रतिशत कल्याणकारी कोष थप र महंगि भत्ता भुक्तानी गरेको छ।पालिकाले नियम विपरित अतिरिक्त सुविधा दिने गरि सम्झौता गर्ने पदाधिकारी तथा कर्मचारीलाई जिम्वेवार बनाई अतिरिक्त थप रकम असुल गर्नुपर्ने रु	९५४,७७२

पद	नाम	कल्याणकोष रकम	महंगि भत्ता	बार्षिक भुक्तानी
अधिकृत छैटौ	कृष्ण राज पन्थ	१८९९	२०००	४६७८८
का स	फुलमाया गुरुङ्ग	१४३०	२०००	४११६०
अधिकृति छैटौ	त्रिशा शर्मा	१८९९	२०००	४६७८८
का स	अनुरुद्र काफ्ले	१४३०	२०००	४११६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

का स	शशी थापा मगर	१४३०	२०००	४११६०
का स	सविता गुरुङ्ग	१०७४	२०००	३६८८८
का स	झम बहादुर मगर	१२००	२०००	३८४००
का स	होम बहादुर भारति	१४३०	२०००	४११६०
सुचना प्रविध अधिकृत	विमल मल्ल	१८९९	२०००	४६७८०
स्वकिय सचिव	सनत बहादुर बोटे	१४३०	२०००	४११६०
का स	दिपक थापा	१४३०	२०००	४११६०
का स	शान्ति मग्राति	१०७४	२०००	३६८८८
का स	रिम बहादुर गुरुङ्ग	१०७४	२०००	३६८८८
का स	गंगा रोकिम मगर	१०७४	२०००	३६८८८
का स	सरिता गुरुङ्ग	१०७४	२०००	३६८८८
का स	बम बहादुर बरामु	१०७४	२०००	३६८८८
अ हे ब	उमा चन्द्र	१४३०	०	१७१६०
अ हे ब	मिना दाहाल	१४३०	०	१७१६०
अ हे ब	महेन्द्र राज प्याकुरेल	१४३०	०	१७१६०
अ न मी	बर्षा भाट	१४३०	०	१७१६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

अ न मी	अन्जली थापा लापा	१४३०	०	१७१६०
का स	चमेली आले	१०७४	०	१२८८८
का स	जंग बहादुर गुरुङ्ग	१०७४	०	१२८८८
का स	खड्ग बहादुर गुरुङ्ग	१०७४	०	१२८८८
का स	यामकान्त शाही	८५०	०	१०२००
हे अ	बिष्णु बहादुर कमली	१५१०	०	१८१२०
ल्या अ	सरस्वती राना मगर	१४३०	०	१७१६०
का स	हरिमाया गुरुङ्ग	१०७४	०	१२८८८
नगर प्रहरी	दिपक कुमार थापा मगर	१२००	०	१४४००
नगर प्रहरी	किसान भुजेल	११३४	०	१३६०८
नगर प्रहरी	दिपेश गुरुङ्ग	११३४	०	१३६०८
ना प्र स चौथो	नामिता गुरुङ्ग	१४३०	२०००	४११६०
प्रा स स चौथो	विपना सुवेदी	१५१०	२०००	४२१२०
जम्मा				**९५४७७२**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>दरबन्दि बाहिर सेवा करारः

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानिय तहले नगर प्रहरि सवारी चालक सरसफाई सम्बन्धि पदमा बाहेक अन्य पद तथा सेवामा करारमा पदपुर्ति गर्ने नसकिने कानुनी व्यवस्था गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ।स्विकृत दरबन्दि भन्दा बाहिरका देहायका कर्मचारी राखि पद सिर्जना गरि खर्च लेखेको छ। स्विकृत दरबन्दि विपरितको पद सिर्जाना गरि खर्च लेखेको उक्त रकम कानुन विपरित भएकोले स्थानिय सरकारलाई थप व्ययभार परेको रु
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>खानेपानि तथा सरसफाई स्वच्छता कार्यक्रमको लागि १० जना कर्मचारी नियुक्ति गरि भुक्तानी</td><td>६०००००</td></tr>
<tr><td>कृषि तथा पशुपंक्षि केन्द्रमा २ जना कर्मचारी राखि भुक्तानि</td><td>११४०००</td></tr>
<tr><td>जम्मा</td><td>७१४०००</td></tr>
</table></td><td>७१४,०००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>धरौटी रकम

अर्थ मन्त्रालयको राजश्व महाशाखाको मिति २०६९।०६।१७ को परिपत्र अनुसार धरौटि फिर्ता गर्दा धरौटि कारोबार कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण यकिन गरेर मात्र धरौटि फिर्ता गर्नुपर्दछ। पालिकाले देहाए बमोजिमका निर्माण व्यवसायी तथा सप्लायर्सलाई धरौटि फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण कागजात नराखेकोले कर समायोजन गरेको प्रमाण कागजात पेश गर्नुपर्ने रु</td><td>१,४२५,००५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>सप्लायर्स तथा निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>२/२०७८।०६।१२</td><td>नीति कन्स्ट्रक्सन</td><td>४१३८४७</td></tr>
<tr><td>३/२०७८।०६।१२</td><td>शालिग्राम फार्मेसी</td><td>२६४६८०</td></tr>
<tr><td>१३/२०७८।११।१२</td><td>सुनिश्चित कन्स्ट्रक्सन</td><td>१७००००</td></tr>
<tr><td>१७/२०७८।१२।१५</td><td>सुनिश्चित कन्स्ट्रक्सन</td><td>४००६६</td></tr>
<tr><td>२४/२०७९।०१।१५</td><td>एस आर निर्माण सेवा</td><td>५३६४१२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४२५००५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
पेश्की बाँकि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्यौट सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार पेश्की हालसम्म फछ्यौंट नगरेकोले उक्त पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्दछ।
<table>
<tr><th>मिति</th><th>गो भौ नं</th><th>पेश्किको विवरण</th><th>पेश्की लिने फर्म</th><th>रकम</th></tr>
<tr><td>०६/१४/२०७८</td><td>९</td><td>घण्टाचुली पर्यटन विकास संस्था (समपुरक)</td><td>मृत संजिवनी, शिवशक्ति, ईको जे.भी.</td><td>२६०००००.</td></tr>
<tr><td>१०/२६/२०७८</td><td>२४</td><td>घण्टाचुली पर्यटन विकास संस्था (समपुरक)</td><td>मृत संजिवनी, शिवशक्ति, ईको जे.भी.</td><td>२४०००००.</td></tr>
<tr><td>०१/१९/२०७९</td><td>७</td><td>कुवादी खोला बृहत खानेपानी</td><td>कृष्चल कन्स्ट्रक्सन</td><td>५३४१४३.</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>योजना, देवघाट-५, तनहुँ</td><td>प्रा.लि.</td><td></td></tr>
<tr><td>०३/१६/२०७९</td><td>२२</td><td>कुवादी खोला बृहत खानेपानी योजना, देवघाट-५, तनहुँ</td><td>कृष्चल कन्स्ट्रक्सन प्रा.लि.</td><td>१७७२०००.</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>आन्तरिक लेखापरिक्षण तर्फ देखिएको व्यहोराहरु

स्थानीय सरकार संचालन ऐन २०७४को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु देहाय वमोजिम छन।<table>
<tr><td>भौ नं</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>२६</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा प्रमाणको आधारमा गर्नुपर्नर् व्यवस्था छ। फौजी किरा नियन्त्रण कार्यक्रम अन्तर्गत पशु सेवा शाखाबाट खरिद भएका विषादिको पुर्ण रुपमा वितररण नभएको र बाँकी रहेको विषादीको यथार्थ विवरण नखुलाएको देखिएकोले अनियमित देखिएको रु</td><td>१३२४००</td></tr>
<tr><td>१०४</td><td>एकिकृत आर्थि संकेत तथा बर्गिकरण र व्याख्या २०७४ अनुसार पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च शिर्षकबाट भुक्तानी गर्नुपर्ने देखिन्छ। एलोप्याथिक तथा औषधिजन्य र सर्जिकल सामान खरिदका लागि प्रभाव दैनिक पत्रिका मार्फत प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वानको सुचनाको भुक्तानी रु १७२४९०।सेवाकेन्द्र मिडिया प्रा लि लाई दिदाँ गा पा र अन्तर्गतका वडा</td><td></td></tr>
</table></td><td>३,४८७,१११</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	कार्यालय तथा स्वास्थ्य संस्थाहरुको लागि मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट भएको देखिन्छ।	
१८३	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ मा सरकारि रकम खर्च गर्दा स्पष्ट आधार हुनुपर्ने उल्लेख छ। विविध खर्च शिर्षकबाट भुक्तानी चरिएको वडा नं ३ को वडा समितिको बैठक भत्ता र खाजा खर्च रकमका लागि आवश्यक हुने विल भरपाई समावेश नभएको देखिन्छ।	२६४१७
२०१	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको आधार स्पष्ट हुनुपर्ने उल्लेख छ। देवघाट गाउँपालिकाको कार्यालय र ग्रिन लाईन मिडिया प्रा लि विच ९ औ गाउँसभाको अधिवेशन छायाँकंनका लागि कुनै सम्झौता नभएको तर छायाँकन खर्च भुक्तानी भएको देखिन्छ।	
२९४	कार्यालयको गाडि मर्मतको विलमा रोयल अटोको विल पनि समावेश भएको तर भुक्तानी गडडु अटो मोटर ग्यारेजलाई भएको देखिएकोले रोयल अटोले भुक्तानी बुझेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।	१९९००
४८६	औषधी तथा भ्याक्सिन ढुवानीका लागि १९मसलन्द खर्च शिर्षकबाट खर्च भएको जम्मा रकम १३६७५। मात्र देखिन्छ। तर प्रदिप कुमार बुढाथोकिको खातामा गएको जम्मा रु १८१७५।भएकोले बढी भुक्तानी रकम भुक्तानी भएको देखिन्छ।	४४१२
५०५	पशु भ्याक्सिन व्यवस्थापन तथा भ्याक्सिनेटर पारिश्रमिक अन्तर्गत खोरेत र पि पि आर भ्याक्सिन लगाउनका लागि खटाइएका ५ जना वाह्य प्राविधिकहरुको नियुक्ति प्रक्रिया समावेश नरहेको र उक्त प्राविधिकहरु फिल्डमा खटिएर काम	७९७९०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>गर्नेका लागि कार्यालयको तर्फबाट कार्यदिश नदिएकोले आवश्यक प्रक्रिया पुरा गरी मात्र वाह्‍य प्राविधिकहरुलाई व्याक्सिनेसनका लागि खटाउँदा उचित नदेखिएको रु</td><td></td></tr>
<tr><td>१९</td><td>गाउँपालिका प्रशासकीय भवनको पाँचौ रनिङ्ग विल भनी भुक्तानी गरिएको रकमका लागि उक्त भवनको भुक्तानीको विवरण संलग्न गरेको म ले प फा नं नरहेको हुँदा अघिल्लो बिलहरुबाट के कति भुक्तानी भएको एकिन गर्न नसकिने देखिन्छ।</td><td>२१११६५९</td></tr>
<tr><td>६२</td><td>चिलाउने गैह्रा कोलडाँडा कृषि मोटर मार्गको निर्माणका लागि उपभोक्ता समितिसँग योजना सम्झौता गर्नका लागि बनाइएको लागत अनुमान र मुल्यांकनमा मर्मत सम्भार कोष कट्टी नगरेको देखिन्छ।</td><td>९०००</td></tr>
<tr><td>७१</td><td>देवघाट गाउँपालिकाको मर्मत संभार कोष सञ्चालन निर्देशिका २०७४ को दफा १३ को उपदफँ ३ मा भौतिक निर्माणसँग सम्बन्धित योजनाको लागत अनुमानमा ३ प्रतिशत कोष कट्टीको व्यवस्था रहेको देखिन्छ। व्यागन दरैटार जाने मोटर बाटो निर्माणका लागि तयार गरिएको लागत अनुमान तथा मुल्यांकनमा मर्मत सम्भार कोष कट्टी वापतको रकम नराखेको देखिन्छ।</td><td>१५०००</td></tr>
क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८	२६४	२०७९-३-२४	**सेनिटरी प्याड खरिदमा देखिएका व्यहोराहरु** पालिकाले यस बर्ष सुप्रिम लाइफ साइन्सेसबाट स्यानिटरी प्याड खरिद गरि रु ६८७९४१ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः **लागत अनुमान वेगर खर्चः** सार्वजनिक निकायले माल सामानको लागत अनुमान तयार गर्दा चालु आ.वा, अघिल्लो बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर, अन्य बजारको प्रचलित दरभाउ, मालसामानको आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानीत ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता पक्षलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियमा ११ मा उल्लेख छ। कार्यालयको यस बर्ष स्यानीटरी प्याड खरिद कायको लागि उपरोक्त व्यवस्था बमोजिको लागत अनुमान तयार नगरी ३ वटा विक्रेता फर्मको दर को तुलना गरी खरिद कार्य गरेको छ। लागत अनुमान वेगर बिक्रेता फर्मको दर लाई मात्र आधार लिई खरिद कार्य गरेको कारण कार्यालयको खरिद कार्य प्रतिस्पर्धात्मक र मितव्ययी भयो भन्न सक्ने अवस्था देखिएन। खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरिनु पर्दछ। **निर्णय नगरी खरिदः** पालिकाले सेनिटरी प्याड खरिद गर्ने निर्णय सहितको टिप्पणी पेश नगरि खरिद गरेको देखिएकोले अख्तियारी लिई खरिद गरेको सम्बन्धमा यकिन हुन सकिएन। **भरपाई प्राप्त नभएकोः** पालिकाले खरिद गरेका सेनिटरी प्याड वितरण गरेको भरपाई पेश नगरेकोले सो को भरपाई पेश गर्नुपर्ने देखिन्छ। **सिलबन्दी दरभाउपत्र मार्फत खरिदमा देखिएका व्यहोराः** पालिकाले मादिसेति प्रवाह नामको पत्रिकामा सूचना प्रकाशन गरेको, मिति २०७९।०२।१९ मा ३ वटा कम्पनीहरु (सोरप सप्लायर्स, सुप्रिम लाइफ साइन्स र लामेन्दो सर्जिकल हाउस) ले सेनिटरी प्याडको दररेट उपलब्ध गराएकोमा पुनः मिति २०७९।०२।३० मा सिलबन्दी दरभाउपत्रको	२४,०६२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सूचना प्रकाशन गरेको साथै मिति २०७९।०३।१३ मा उक्त ३ कम्पनीहरुले सिलबन्दी दरभाउपत्र पेश गरेको देखिँदा सार्वजनिक खरिद ऐन बमोजिम कुनै एक खरिदमा मात्र एउटा मात्र खरिद विधि प्रयोग नगरिएको देखिँदा स्वच्छ प्रतिस्पर्धा गरी खरिद भएको देखिएन। **मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानीः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम (६) ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।तर कार्यालयले सेनिटरी प्याड खरिद गर्दा श्री सुप्रिम लाइफ साइसेन्सलाई मुल्य अभिवृद्धि करको शत प्रतिशत भुक्तानी दिएकोले सोको ३० प्रतिशत असुल हुनुपर्ने रु	
५९			**दिवा खाजा रकम बढी भुक्तानी** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ मा उल्लेख भएबमोजिम स्थानीय तहले विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, यसरी दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था अनुसार पालिकाले विद्यालयहरुलाई दिएको निकासा र विद्यालयबाट प्राप्त हाजिरी सहितको भरपाई भिडान गर्दा देहाएका विद्यालयहरुमा बढी निकासा गएको देखिएकोले असुल गर्नुपर्ने रु	२१,४७०

विद्यालयको नाम	निकासा गएको रकम	भरपाई अनुसार देखिएको रकम	बढी निकासा
कालिका मा.वि.	७७४५०	६४५००	१२९५०
बालकेश मा.वि.	७५४५०	७४४००	१०५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>कालिगंगा मा.वि.</td><td>१०४७६०</td><td>९७२९०</td><td>७४७०</td></tr><tr><td colspan="2">जम्मा</td><td colspan="2">२१४७०</td></tr></table></td><td></td></tr>
<tr><td>६०</td><td>१०५</td><td>२०७९-१-१५</td><td>पाठ्यपुस्तक अनुदान बढी निकासा

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं. २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १ — १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यसरी यकिन भएका विद्यार्थी संख्याका लागि पाठ्यक्रम विकास केन्द्रद्धारा स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ ।तर पालिकाले विद्यालयलाई उपलब्ध गराएको पाठ्यपुस्तक अनुदान तथा विद्यालयले विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई भिडान गर्दा देहाएका विद्यालयहरुमा बढी निकासा गएको देखिएकोले बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु<table><tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>निकासा भएको रकम</th><th>भरपाई अनुसार रकम</th><th>बढी भएको रकम</th></tr><tr><td>१</td><td>आदर्श शिक्षा मा.वि.</td><td>१४०३९२</td><td>१३८३५१</td><td>२०४१</td></tr><tr><td>२</td><td>बज्रयोगिनी मा.वि.</td><td>१८१९६२</td><td>१७८५६८</td><td>३३९४</td></tr><tr><td>३</td><td>कालिका मा.वि.</td><td>११७२८७</td><td>११०४८५</td><td>६८०२</td></tr><tr><td colspan="3">जम्मा</td><td colspan="2">१२२३७</td></tr></table></td><td>१२,२३७</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>तलबी प्रतिवेदन पारित नभएको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			शिक्षा ऐन २०२८ बमोजिम स्थानीय तह अन्तर्गतका शिक्षकहरुको वार्षिक प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराई तलब खर्च लेख्नुपर्दछ ।पालिकाले यो वर्ष शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको देखिएकोले कुन कुन शिक्षकले के कति तलब तथा ग्रेड पाउनुपर्ने हो यकिन गर्न सकिएन। ऐनमा भएको व्यवस्था अनुरुप तलबी प्रतिवेदन पारित गराएर सो पारित तलबी प्रतिवेदनको आधारमा तलब भत्ता खर्च लेख्नुपर्दछ ।	
६२	२११	२०७९-३-२१	**सामुदायिक सिकाई केन्द्र अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं. २.७.१३.११ मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ व को खर्च स्वीकृत गरेको साथै लेखा परीक्षण गरी प्रतिवेदन पेश गरेको केन्द्रहरुलाई एकमुष्ठ रु २ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था गरेको । पालिकाले स्थलगत निरीक्षण नगरी साथै सिकाइ केन्द्रबाट प्रस्ताव माग नगरी रु २ लाख अनुदान उपलब्ध गराएकोमा उक्त सिकाई केन्द्रले तलब भत्तामा मात्र खर्च गरेको भरपाई पेश गरेकोले अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न नसकिने भएकोले पालिकाले स्थलगत निरीक्षण तथा तोकिएको मापदण्ड पालनाका आधारमा भुक्तानी दिनुपर्दछ ।	
६३			**बढी ग्रेड भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्दछ।तर पालिकाले रित पुगे वा नपुगेको जाँच नगरी श्री सिद्धमहाकाली मा.वि. को शिक्षक मायादेवी न्यौपानेलाई ७ ग्रेड भुक्तानी दिनुपर्नेमा ८ ग्रेड भुक्तानी दिएकोले बढी ग्रेड रकम असुल गर्नुपर्ने रु	१०,९८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**करार शिक्षकलाई पोशाक भत्ता** सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव स्केल र कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व साथै सालबसाली रुपमा एक पटक चैत महिनामा पोशाक भत्ता दिन मिल्ने उल्लेख गरेको छ ।पालिकाले निम्न विद्यालयको करारमा नियुक्त भएको शिक्षक हरुको छ महिना नपुग्दै पोशाक भत्ता दिनु नमिल्ने देखिएको अनियमित देखिएको रु	२०,०००

विद्यालको नाम	शिक्षकको नाम	हाजिर मिति	पोसाक निकास रकम
श्री भृकुटी मा. वि.	जगतनाथ योगी	२०७८।११।०१	१००००
श्री पार्वती मा.वि.	टेकजंग गुरुङ्ग	२०७८।१२।१२	१००००
जम्मा			**२००००।**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयासम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा प्रकाशन गरी तोकिएको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।स्थानीय तहले सिलबन्दी र सोझै गरी विभिन्न सप्लायर्सबाट रु ४५८२३२७ को औषधि खरिद गरेको छ। यस सम्बन्धी देखिएका व्यहोराहरु देहाएअनुसार छनः v खरिद गरेका उक्त औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सो को मूल्य राष्ट्रिय पत्रपत्रिकामा समेत प्रकाशन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भएको देखिएन। v आपूर्ति भएका औषधि एवम् सर्जिकल सामान जिन्सी दाखिला गर्नु अगाडि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। v औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा आँफै खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपले आम्दानी बाँध्ने गरेको देखिएन। v औषधिको खर्च घटाउँदा माग फारमबाट कुन शाखामा कति औषधि खपत भयो सो आधारमा घटाउनुपर्नेमा एकमुष्ट रुपमा घटाउने गर्ने गरेको। तसर्थ औषधिको खरिद दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकि रहेका औषधिहरुको जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ	
६६			**दोहोरो सुविधा** एउटै अवधिमा दुवै किसिमका भत्ता दिन मिल्ने आधार देखिदैंन। सि.अ.हे.ब. प्रदिप बुढाथोकीले श्रावण देखि आश्विन सम्म कोभिड भत्ता लिएको अवस्थामा समेत श्रावण महिनामा ४ गते देखि ११ गते र १७ गते देखि २६ गते सम्म रु २२४०० भाद्र महिनामा भाद्र ६ देखि ३० गते सम्म रु २०८०० र आश्विनमा २ गते देखि २५ सम्म विभिन्न समयमा रु २२४०० समेत रु ६५६०० कोरोना भाइरस सम्बन्धी खोप लिन भनी दैनिक भ्रमण भत्ता लिएको देखिएकोले यस्तो किसिमको दोहोरो भत्ता भुक्तानी भएको मध्ये कोभिड भत्ता वापत भुक्तानी भएको श्रावण, भाद्र र आश्विनको रकम दोहोरो सुविधा भएकोले फिर्ता गर्नुपर्ने रु	५६,९८५
६७	९०	२०७९-१-६	**वितरणको भरपाई पेश गर्नुपर्ने** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्चका बिल भरपाई सहित लेखा राख्नुपर्दछ। पालिकाले न्यानो झोला १५० पिस खरिद गरेवापत गिता स्वयनी प्रोभेड प्रा.लि. लाई रु १३५०००। भुक्तानी गरेको देखियो। तर ती न्यानो झोला वितरण गरेको नदेखिएकोले न्यानो झोला वितरण गरेको प्रमाण कागजात	१३५,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>जोखिम भत्ता भुक्तानी

कोभिड १९ संक्रमण उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन मापदण्ड २०७० अनुसार जोखिम भत्ता वितरण गर्नका लागि खटिएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाण कागजात हुनुपर्ने हुन्छ। पालिकाले देहाए अनुसारका कर्मचारीलाई २०७८ श्रावण देखि आश्विन सम्म ३ महिनाको तलब स्केलको ५० प्रतिशतका दरले रु २१३८७० भुक्तानी गरेको छ। पालिकाले जोखिम क्षेत्रमा खटिएको वास्तविक हाजिर गरी कार्य गरेको प्रमाण विना जोखिम भत्ता भुक्तानी गर्नु उचित नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>कर्मचारीको नाम र पद</th><th>मासिक तलब स्केलको ५० प्रतिशत</th><th>जम्मा</th></tr>
<tr><td>हे.अ. छैठौ जीवन गुरुङ्ग</td><td>१८९९५</td><td>५६९८५</td></tr>
<tr><td>सि.अ.हे.व. प्रदिप बुढाथोकी</td><td>१८९९५</td><td>५६९८५</td></tr>
<tr><td>सि.अ.हे.व. होमनाथ कंडेल</td><td>१८९९५</td><td>५६९८५</td></tr>
<tr><td>ल्याब असिष्टेन्ट सरस्वती राना</td><td>१४३०५</td><td>४२९१५</td></tr>
<tr><td>जम्मा</td><td colspan="2">२१३८७०</td></tr>
</table></td><td>२१३,८७०</td></tr>
<tr><td>६९</td><td>५२</td><td>२०७८-१०-१०</td><td>मापदण्ड विपरित खर्च

मिति २०७८।०९।२२ देखि २०७८।०९।२८ सम्म प्रथम चरण मिति २०७८।०९।२९ देखि २०७८।१०।०५ सम्म दोश्रो चरण तालिम चितवन पार्क कर्टेज सौराहालाई रु ५१११०७। भुक्तानी भएकोमा निम्न व्यहोरा देखियो।
ü गण्डकी प्रदेशको खर्चको मापदण्ड २०७५ को दफा २२ उपदफा २ अनुसार तालिम गोष्टि सेमिनार जस्ता</td><td>२०,२००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रमहरु सञ्चालन गर्दा उपलब्ध भएसम्म सरकारी तालिमहलमा सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको आफ्नै तालिम तथा सिटिहल भएको र सो स्थानले नपुगेमा अन्य सरकारी स्थानमा रहेको तालिम हलमा समन्वय गरी स्वास्थ्य सम्बन्धी पोषण कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो नगरी चितवनको सौराहामा गई चितवन पार्क कटेजमा लामो अवधिको तालिम सञ्चालन गर्नु नियमित मान्न सकिएन। ü दुई फरक फरक समयमा भएको तालिम मिति २०७८।०९।२२ देखि २०७८।१०।०५ सम्म २६६ जनाको खाना खाजा खर्च वापत रु १७०० का दरले तथा अन्य खर्च समेत रु ५११११०७। भुक्तानी गरिसकेपछि पनि प्रशिक्षक प्रितम थापालाई रु ५१००, प्रशिक्षक विरेन्द्र कुमार चौधरीलाई रु ५१०० तथा प्रशिक्षक नानीबाबु धामीलाई रु १०००० समेत रु २०२०० दैनिक भ्रमण भत्ता खर्च लेखेकोले उक्त खर्च लेख्न मिल्ने आधार नदेखिएको रु	
७०			**कार्यविधी बेगर सेवा सुविधा** सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।०१।२५ को पत्रानुसार सेवा करारमा कार्यरत स्वीकृत दरबन्दी भित्रका कर्मचारीलाई शुरु तलब पोशाक तथा चाडपर्वको रकम बाहेक अन्य सुविधा दिन मिल्ने देखिदैंन। पालिकाले उपलब्ध गराएको विवरण अनुसार स्वास्थ्य तथा कृषि र पशु प्राविधिक तर्फका कर्मचारी पालिका तर्फका करारका कर्मचारीहरु समेतलाई कल्याणकारी कोष वापत रु २४४५७५ खर्च लेखेको देखियो। उक्त रकम कर्मचारी व्यवस्थापन अनुसार खर्च लेखेको देखिँदेन। ऐनले दिएको अधिकार बेगर कार्यविधि बनाई सेवा सुविधा दिनु नियमसम्मत देखिएन रु	२४४,५७५
७१			**तलबी प्रतिवेदन बिना तलब भत्ता भुक्तानी** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७६।०५।१८ गतेको परिपत्र अनुसार स्थानीय तहका कर्मचारी र संघीय कार्यालयबाट काजमा खटाइएका कर्मचारीको तलबी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराएर तलब खर्च लेख्नुपर्ने उल्लेख छ। यस आर्थिक वर्ष २०७८।७९ को तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य पशु तथा कृषि एवम् आयुर्वेद तर्फका कर्मचारीहरुको तलब भत्ता वापत रु १४३००९३३ लेखेको छ। तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२			**माग फारम नभएको** कार्यालयबाट सामान खरिद गर्नुभन्दा अगाडि माग फारम स्वीकृत गराएर मात्र खरिद गर्नुपर्दछ। पि एन सी घरभेट कार्यक्रमका लागि आवश्यक औषधि तथा सर्जिकल सामाग्रीहरु क्याण्डला मेडि कन्सर्नबाट खरिद गरिएकोमा स्वीकृत माग फारम आदेश बिना खरिद गरी भुक्तानी भएकोले नियमित नभएको रु	८६,७३०
७३			**कार्य विवरण बेगर खर्च** जुन प्रयोजनको लागि खर्च विनियोजन गरिएको हो सोही बमोजिम खर्च गर्नुपर्दछ। युनिसेफले दिएको फण्डिङ अथोराइजेशन एण्ड सर्टिफिकेट अफ एक्सपेण्डिचरमा उल्लेख भएका एक्टिभिटी विवरणमा टेक्निकल सपोर्टका लागि रु ६०००० र फाइनान्सियल मेनेजमेन्टका लागि रु २०००० समेत रु ८०००० छुटयाइएको देखिन्छ। युनिसेफको टेक्निकल सपोर्ट र फाइनान्सियल मेनेजमेन्टका लागि खटिएका कर्मचारीलाई कार्यालय समयभन्दा बाहिरको समयमा बैठक भत्ता भुक्तानी गरिएको रु ८००००। को सम्बन्धमा कर्मचारीलाई थप के काम गर्ने भन्ने कार्यविवरण पेश नगरी खर्च गरेको नियम सम्मत देखिएन रु	८०,०००
७४			**सोझै खरिद** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने अवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(बाहौं संसोधन) अनुसार रु ५ लाख देखि माथिका मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्नेमा सोझै खरिद गरेको	

गो.भौ.नं./मिति	सामानको विवरण	सप्लार्सको नाम	रकम
९९/२०७९।०१।११	टिभी खरिद	मणी टि.भी. सेण्टर	९७९००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८९/२०७९।०१।०६</td><td>वेवी वार्मर</td><td>गिता स्वामी प्रोमेड</td><td>१८८५००</td></tr>
<tr><td>९०/२०७९।०१।०६</td><td>न्यानो झोला</td><td>गिता स्वामी प्रोमेड</td><td>१३५०००</td></tr>
<tr><td>१३४/२०७९।०२।३०</td><td>टोनर रिफिल</td><td>के.सी. रिपेयर सेन्टर</td><td>५२०००</td></tr>
<tr><td>१३५/२०७९।०२।३०</td><td>सिलाइ मेशिन</td><td>न्यू जनता इन्टरप्राइजेज</td><td>२९४१००</td></tr>
<tr><td>१५६/२०७९।०३।१२</td><td>ल्यापटप प्रिन्टर खरिद</td><td>नारायणी कम्प्युटर एण्ड सप्लायर्स</td><td>३४१७५०</td></tr>
<tr><td>१५९/२०७९।०३।१२</td><td>स्वास्थ्य सम्बन्धी उपकरण</td><td>क्याडिला मेडि कन्सर्न</td><td>९७५०४</td></tr>
<tr><td>२१३/२०७९।०३।२१</td><td>स्वास्थ्य सम्बन्धी</td><td>सिद्धबाबा प्रेस प्रा.ली</td><td>९८८७५</td></tr>
<tr><td>२१८/२०७९।०३।२१</td><td>कार्यालय सामाग्री</td><td>सिद्धबाबा प्रेस प्रा.ली</td><td>३८२२७९</td></tr>
<tr><td>२३८/२०७९।०३।२२</td><td>फर्निचर</td><td>नारायणी फर्निचर</td><td>३०५९४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३४/२०७९।०३।२२</td><td>स्वास्थ्य सामाग्री</td><td>डिआर सर्जिकल ट्रेडर्स</td><td>२०५६३१</td></tr>
<tr><td>२३७/२०७९।०३।२२</td><td>रेनकोट तथा व्याग</td><td>गणेश व्याग उद्योग</td><td>७८९३०</td></tr>
<tr><td>१६५/२०७९।०३।१६</td><td>सर्जिकल सामान</td><td>डिआर सर्जिकल ट्रेडर्स</td><td>९८९५२</td></tr>
<tr><td>१५७/२०७९।०३।१२</td><td>रेनकोट,व्याग</td><td>गणेश व्याग उद्योग</td><td>७५१४५</td></tr>
<tr><td>५/२०७८।१२।२३</td><td>डेक्सटप र प्रिन्टर</td><td>चितवन आई टि सोलुसन</td><td>४९५०००</td></tr>
<tr><td>२३/२०७९।०३।३०</td><td>सोलार प्यानल</td><td>युरिका ट्रेड एण्ड जनरल सप्लायर्स</td><td>४९६२२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च</td><td></td></tr>
<tr><td>७५.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तयार गरी २०७४।७५ देखि नै स्थानीय तहमा लागु गरिएको छ। एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार कारोबारको तोकिएको शिर्षकमा बजेट व्यवस्था गरी सम्बन्धित खर्च शिर्षकबाट खर्च लेख्नुपर्नेमा सो भन्दा फरक पारी खर्च लेखेको देखिन्छ। कारोबारको लेखा राख्दा उल्लेखित व्यवस्थालाई अनुसरण गरी लेखा राख्नुपर्दछ। फरक शिर्षकबाट खर्च लेख्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>कार्यक्रम</th><th>खर्च लेखेको शिर्षक</th><th>खर्च लेखुपर्ने</th><th>रकम</th></tr>
<tr><td>स्वास्थ्यका करारका कर्मचारी</td><td>पारिश्रमिक कर्मचारी</td><td>करार सेवा शुल्क</td><td>८१७८३११</td></tr>
<tr><td>कृषि तथा पशु सेवा करार कर्मचारी</td><td>पारिश्रमिक कर्मचारी</td><td>करार सेवा शुल्क</td><td>१५८३८०९</td></tr>
<tr><td>उद्यम विकास सहजकर्ता कर्मचारी</td><td>पारिश्रमिक कर्मचारी</td><td>करार सेवा शुल्क</td><td>७९५८६०</td></tr>
<tr><td>एम आई एस अपरेटर/फिल्ड सहायक</td><td>पारिश्रमिक कर्मचारी</td><td>करार सेवा शुल्क</td><td>११३६४६०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td colspan="2">११६९४४४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५.२</td><td></td><td></td><td>एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>गो.भौ.नं</th><th>कार्यक्रम</th><th>खर्च लेखुपर्ने</th><th>खर्च लेखेको</th><th>रकम</th></tr>
<tr><td>१०४</td><td>सर्जिकल सामानको विज्ञापन</td><td>सूचना प्रकाशन</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>१७२४९०</td></tr>
<tr><td>१९४</td><td>सडक स्तरोन्नती गर्ने</td><td>सूचना</td><td>मसलन्द तथा</td><td>१२४८००</td></tr>
</table>
</td><td>३०८,२९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>कार्यक्रम</td><td>प्रकाशन</td><td>कार्यालय सामाग्री</td><td></td></tr>
<tr><td>५५५</td><td>महिला स्वयंसेविकाहरुको वार्षिक समिक्षा</td><td>समिक्षा गोष्ठि</td><td>विविध</td><td>११०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>३०८२९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सुरक्षित नागरिक आावास कार्यक्रम तर्फ

सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५ (४) बमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्ता वापत ६०% ले रु ३००००। रकम उपलब्ध गराउने र उक्त रकम लाभग्राहीको जस्तापाता तथा काठपात खरिद गरी निर्माण कार्य अगाडी बढाउनुपर्ने निर्माण सम्पन्न भए पश्चात प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४०% ले रु २००००। रकम दोश्रो किस्तामा उपलब्ध गराइने व्यवस्था रहेको छ। पालिकाले गत वर्ष छनौटमा परेका २१२ जनालाई रु ३०००० का दरले रु ६३६००००। र यो वर्ष दोश्रो किस्तावापत १६९ जनालाई रु २०००० का दरले रु ३३८०००० उपलब्ध गराएको देखियो। सो रकम लगेका मध्ये दोश्रो किस्ता लगेका १६९ जना लाभग्राहीले कार्य सम्पन्न गरेको विल भरपाई तथा प्राविधिकले गरेको मूल्याङ्कनको आधारमा दोश्रो किस्ता उपलब्ध गराएको देखियो।ऐनको दफा ६ मा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको ३ महिनाभित्र कार्य सम्पन्न नगरेमा लाभग्राहीबाट स्थानीय तहले असुल गर्नुपर्ने व्यवस्था छ। २१२ घरपरिवार मध्ये १६९ जनाले मात्र जस्ता तथा काठपात खरिद गरी छाना राखेको देखिएकोले बाँकी ४३ घरपरिवारले प्रथम किस्ता वापत रु ३०००० का दरले फिर्ता गर्नुपर्ने रु</td><td>१,२९०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>करारका कर्मचारीलाई महंगी भत्ता

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।०१।२५ को पत्रानुसार करार सेवामा नियक्ति गरिएका कर्मचारीलाई चाडपर्व, पोशाक खर्च बाहेक अन्य भत्ता भुक्तानी गर्न मिल्ने कानूनी आधार भएको देखिदैंन। पालिकाले उद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि देहाएका करारका कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराएकोमा उक्त भुक्तानी गरेको भत्ता असुल गर्नुपर्ने रु
<table>
<tr><th>पद</th><th>नाम</th><th>महंगी भत्ता</th></tr>
<tr><td>उद्यम विकास सहजकर्ता</td><td>तिर्थ प्रसाद लम्साल</td><td>२४०००</td></tr>
<tr><td>उद्यम विकास सहयोगी</td><td>गिता गुरुङ्ग</td><td>२४०००</td></tr>
<tr><td>एम.आई.एस. अपरेटर</td><td>सम्झना खत्री</td><td>२४०००</td></tr>
<tr><td>फिल्ड सहायक</td><td>शान्ता गुरुङ्ग</td><td>२४०००</td></tr>
<tr><td>फिल्ड सहायक</td><td>मिना गुरुङ्ग</td><td>२४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२००००</td></tr>
</table></td><td>१२०,०००</td></tr>
<tr><td>७८.१</td><td></td><td></td><td>कर कट्टी नगरेको
✂ प्रारम्भिक प्रतिवेदन उपर मिति २०७९-१२-२० को निर्णय अनुसार ९०८०.०० को सम्परीक्षण गरिएको</td><td>०</td></tr>
<tr><td>७८.२</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) बमोजिम ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवामा भुक्तानी गर्दा ३०% निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले राजश्व सुधार कार्ययोजना निर्माण गर्न र लैङ्गिक समानता र समावेशी रणनीति तर्जुमा गर्न रु ६८४४५० स्कोलर नेपाल प्रा.ली. लाई भुक्तानी गरेकोले ३०% मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु</td><td>२३,६२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td>२६</td><td>२०७९-३-२०</td><td>अग्रिम कर कट्टी गर्नुपर्ने

आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानीमा १.५ प्रतिशतले अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले जनोदय आधारभुत विद्यालयको लागि विभिन्न सप्लायर्सबाट निम्नलिखित सामान खरिद गरी ल्याएकोमा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेकोले अग्रिम कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>सामानको नाम</th><th>परिमाण</th><th>रकम (मु.अ.कर समेत)</th><th>अग्रिम कर</th></tr>
<tr><td>प्रोजेक्टर</td><td>१</td><td>५२०००</td><td>६९०</td></tr>
<tr><td>ल्यापटप</td><td>१</td><td>८८०००</td><td>११६८</td></tr>
<tr><td>प्रिन्टर</td><td>१</td><td>३५०००</td><td>४६५</td></tr>
<tr><td>डेक्सटप कम्प्युटर</td><td>३</td><td>१४१८००</td><td>१८८२</td></tr>
<tr><td>ब्राण्डेड डेक्सटप</td><td>१</td><td>१३७०२२</td><td>१८१९</td></tr>
<tr><td>सोलार सिष्टम</td><td>१</td><td>१३५०००</td><td>१७९२</td></tr>
<tr><td>कम्प्युटर टेबुल</td><td>१</td><td>२००००</td><td>२६५</td></tr>
<tr><td>स्मार्ट टि.भी.</td><td>१</td><td>४६०००</td><td>६११</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९०८१</td></tr>
</table></td><td>९,०८१</td></tr>
<tr><td>८०</td><td>२८</td><td>२०७९-३-२०</td><td>कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने</td><td>३,५३०,३९८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ साथै कार्यक्रम कार्यान्वयन पुस्तिकामा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजात २।२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साइट इन्चार्ज विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रमुखको दस्तखत गराई एक प्रति स्थानीय तह र एक प्रति विद्यालयमा राख्न लगाई सो को लेखापरीक्षण विद्यालयको आफ्नै स्रोतबाट गर्नुपर्ने र सो को स्थानीय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था भए अनुसार आदर्श शिक्षा माध्यमिक विद्यालय देवघाट २ मा ४ कोठे भवन निर्माण गर्न रु ३५३०३९८ विद्यालयको खातामा रकम जम्मा गरेको तर कार्य सम्पन्न भएको नदेखिएकोले कार्यसम्पन्न गरेको प्रतिवेदन पेश गर्नुपर्ने रु	
८१	२५६/२६०	२०७९-३-२४	**पालिकाबाट बढी योगदान** पशुपंक्षी बजार प्रवर्द्धनका लागि चिलिङ सेन्टर स्थापना कार्यक्रमका लागि ५०।५० प्रतिशत अंश हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। यस कार्यक्रम अन्तर्गत दुध डेरीका आवश्यक मेशिन तथा उपकरण खरिदका लागि विभिन्न मिल्क सप्लाइजर आइसक्रिम मेशिन १, दुध तताउने भाडो, कुल्फि लगायतका सामान हवाइट हिमालयन इन्जिनीयरिङबाट रु १४७०००० र त्यस्तै बजार प्रवर्द्धनका लागि सोहि प्रकृतिका सामानहरु एस एस इन्जिनियरिङ एण्ड रिसर्च सेन्टरबाट रु १८२७००० समेत रु ३२७०००० खरिद गरी पालिकाबाट ५०% र समुहबाट ५०% हुने गरी स्रोत बाँडफाँड हुनुपर्नेमा समुहको २५% ले रु ८१७५०० र पालिकाबाट रु २४५२५०० खर्च भएकोले पालिकाबाट बढी योगदान भएको रु	८१७,५००
८२	२५५	२०७९-३-२४	**अग्रिम करकट्टी नपुग** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देवघाट उन्नत गाइपालन कृषक समुह मार्फत आवश्यक काउ मेट र चापाकटर आश्विन एग्रो इन्टरनेशनल प्रा.ली. बाट काउमेट १८५ सेटको रु १३८७४९८।, २४ सेट चापाकटरको रु ७४००००।, एग्रो मेशिनरी सेल्स चितवनबाट समेत रु २१३१४९८। खरिदमा १.५ प्रतिशतले रु २९५७८ कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु २५५७९ मात्र अग्रिम कर कट्टि गरेकोले नपुग कर असुल गर्नुपर्ने रु	३,९९९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td>२५६</td><td>२०७९-३-२४</td><td>कर समायोजनको प्रमाण पेश गर्नुपर्ने

आई.आर.डि.जि.ओ.भी. एन.पि. मा गएर प्यान खर्च गर्दा देवघाट गाउँपालिकाको पशुपंक्षी बजार प्रवर्द्धन गर्नका लागि चिलिङ सेन्टर स्थापना गर्नको लागि विभिन्न सामाग्री खरिद गरी हवाइट हिमालयन इन्जीनियरिङ पान नं ३०३३६७६२० को सप्लायर्स मिति २०७९ बैशाख देखि ननफाइलर रहेको देखिएको र निजबाट ननफाइलर पश्चात आषाढ महिनामा खरिद गरी रु १४७००००। मु.अ.कर समेत भुक्तानी गरेकोले उक्त सप्लायर्सले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा उक्त मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु</td><td>१६९,११५</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>सहकारी संस्थाहरुमा खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ख) मा गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत सहकारी संस्थाको बारेमा व्यवस्था गरिएको छ। उक्त व्यवस्था अनुसार पालिकाले सहकारी संस्थाको दर्ता खारेजी नियमन तथा नीति कानून मापदण्ड बनाई लागु गराउन सक्ने व्यवस्था गरिएको छ। पालिकाले यो वर्ष सहकारी संस्थाको क्षमता अभिवृद्धि तथा सामाग्री खरिद गर्न देहाए बमोजिमका कार्यक्रममा खर्च गर्ने गरेको छ। सहकारी संस्थामा ठुलो सरकारी रकम लगानी भएतापनि सहकारी संस्थाले नविकरण लगायतका राजश्व दाखिला गरेको देखिँदैन। पालिकाले यस आर्थिक वर्षमा सहकारी संस्थामा खर्च गरेको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२५५/२०७९।०३।२४</td><td>चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थालाई मिल्क एनालाइजर फुल सेट १</td><td>३५००००</td></tr>
<tr><td></td><td>५ के जी हार्डटाइप आइसक्रिम मेशिन १</td><td>६५००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="4"></td><td>५०० लि दुध तताउने भाँडो १ पिस</td><td>२३००००</td></tr>
<tr><td>कुल्फि सिंगल टाइप कोन २५ ग्राम १०००</td><td>९००००</td></tr>
<tr><td>आइसक्रिम बक्ससँग ५५ फ्रेम तथा ह्वील १ पिस</td><td>१५००००</td></tr>
<tr><td>पालिकाबाट ७५% भुक्तानी</td><td>११०२५००</td></tr>
<tr><td rowspan="6">२६०/२०७९।०३।२४</td><td>गोट्टीटार कृषि सहकारी संस्था २० के.भि.ए ३ परहावर कि.भी ग्रिनसाइलण्ट डिजेल जेनेरेटर १ थान</td><td>८२५०००</td></tr>
<tr><td>मिल्क स्याम्प ४० लि ४ थान</td><td>३२०००</td></tr>
<tr><td>१०० लि डबल पार्टेसन चिलिङ भ्याट १ थान</td><td>५५०००</td></tr>
<tr><td>मिल्क एनालाइजर १ सेट</td><td>३४००००</td></tr>
<tr><td>क्रिम सेपरेटर १ सेट</td><td>८००००</td></tr>
<tr><td>७५% अनुदान</td><td>१३७०२५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४५८८९९९</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			**कृषि तथा पशु अनुदान** सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवम् समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण तथा अनुगमन गर्नुपर्दछ। र सो रकमको प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ। अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरि वितरण गर्नुपर्दछ। पालिकाले यो वर्ष सञ्चालित कृषि तथा पशु कार्यक्रमको स्थिती देहाएअनुसार छनः	१८०,०००

गो.भौ.नं./मिति	अनुदान लिने व्यक्ति/संस्था वा समुह	कार्यक्रम	रकम
२१२/२०७९।०३।२१	कोटा नमुना देवघाट १	१० वटा बाख्रा खोर निर्माण (५०% अनुदान)	१५००००
	एकीकृत जैथुम होरुङ्गा देवघाट २	१० वटा खोर बाख्रा निर्माण	१५००००
	मस्दि दोभान देवघाट २	१० वटा खोर बाख्रा निर्माण	१५००००
	घण्टाचुली देवघाट २ र ३	१० वटा खोर बाख्रा निर्माण	१५००००
	नाम्वुङ देवघाट ३	१० वटा खोर	१५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3"></td><td></td><td>बाखा निर्माण</td><td></td></tr>
<tr><td>आइलुङ देवघाट ४</td><td>१० वटा खोर बाखा निर्माण</td><td>१५००००</td></tr>
<tr><td>बगन्दी बाखा पकेट समुह देवघाट ५</td><td>१० वटा खोर बाखा निर्माण</td><td>१५००००</td></tr>
<tr><td rowspan="2">२५५/२०७९।०३।२४</td><td>देवघाट उन्नत गाइपालन कृषक समुह मार्फत चापाकटर</td><td>२४ सेट चापाकटर ५०% अनुदान</td><td>३७२०००</td></tr>
<tr><td></td><td>१८५ काउमेट ५०% अनुदान</td><td>६९३७४९</td></tr>
<tr><td>२५६/२०७९।०३।२४</td><td>चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था</td><td>चिलिङ सेन्टर स्थापना गर्ने ७५% अनुदान</td><td>११०२५००</td></tr>
<tr><td>२६०/२०७९।०३।२४</td><td>गोहीटार कृषि सहकारी संस्था देवघाट ५</td><td>चिलिङ सेन्टर स्थापना गर्न दुधडेरीका लागि विभिन्न</td><td>१३७०२५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>उपकरण खरिद ७५% अनुदान</td><td></td></tr>
<tr><td rowspan="3">२५०/२०७९।०३।२४</td><td>सुन्तला विरुवा</td><td>३०००</td><td>१५००००</td></tr>
<tr><td>सिँचाई सामाग्री</td><td></td><td>७९०८७०</td></tr>
<tr><td>कृषि सामाग्री मल बिउ</td><td></td><td>१५००००</td></tr>
<tr><td>२७३/२०७९।०३।२५</td><td>लिची पकेट कार्यक्रम लिची विरुवा</td><td></td><td>३७७०००</td></tr>
</table>
यस सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छनः
· अनुदान राजश्वको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी भएको छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको देखिँदैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुगमन प्रणाली प्रभावकारी बनाई दोहोरो/संघ प्रदेश तथा स्थानीय तहमा परेको नपरेको यकिन गरी प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।
· कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि विमा, पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि तथा पशु क्षेत्रमा अनुदान उपलब्ध गराएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ ध्यान नदिई अनुदानका कार्यक्रम सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सहयोग गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।
· अनुदानमा ठुलो रकम खर्च गरेकोमा जग्गाको स्वामित्व यकिन गरेको छैन। जग्गाको स्वामित्व यकिन नगरी अनुदान दिँदा अनुदान वास्तविक क्षेत्रमा खर्च भई सही सदुपयोग भयो भन्न सक्ने अवस्था देखिदैंन। किसान समुह तथा सहकारी
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संस्थाले खरिद गरेको बिलको आधारमा वितरण भएको र उक्त खरिद गरिएका सामानहरुको प्राविधिक मूल्याङ्कन नगरी भुक्तानी गर्नाले सही सदुपयोग नहुन सक्छ।
· पालिकाले एकै प्रकृतिका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकाबाट खरिद नगरी उपभोक्ताका बिलका आधारमा अनुदान उपलब्ध गराइएको देखिन्छ। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड तयार नगरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकाबाट खरिद नगरी सोझै खरिद गर्ने गरिएको छ। अनुदान उपलब्ध गराउँदा निश्चित मापदण्ड र कार्यविधि तयार गरी प्रतिस्पर्धात्मक तवरले समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्दछ।
· जिल्ला दररेट निर्धारण समितिले तयार गरेको दर अनुसार खरिद गर्नुपर्दछ। पालिकाले देहाए अनुसार विउ वितरण गर्दा निम्नानुसार दरमा भएको भन्दा फरक पारी खर्च लेखेकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु
<table>
<tr><th>विरुवा</th><th>खरिद परिमाण</th><th>जिल्लादर</th><th>खरिद गरेको दर</th><th>फरक दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>सुन्तला</td><td>३०००</td><td>४०</td><td>१००</td><td>६०</td><td>१८००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>बाख्रा पकेट कार्यक्रम

मासु मिशन कार्यक्रम सञ्चालन गर्न ७० वटा बाख्राको खोर बनाउन भनी निम्म लेखिए बमोजिमका ७ समुहलाई रु ३००००० का दरले रु २१००००० को ५०% ले गाउँपालिका र ५०% समुहबाट व्यहोर्ने गरी पालिकाबाट रु १०५०००० खर्च लेखेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन:
लागत अनुमानः
सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। मासु मिशन कार्यक्रमको लागि बाख्रा पकेट कार्यक्रमको लागि विभिन्न ७ समुहलाई प्रति समुहलाई ११ वटाका दरले ७० वटा खोर निर्माण गर्न रकम उपलब्ध गराएकोमा लागत अनुमान तयार नै नगरी समुहलाई रकम वितरण गरेको देखियो।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>बाखा पकेट कार्यक्रम</th><th>रकम</th><th>५०% पालिका</th></tr>
<tr><td>कोटा नमुना देवघाट १</td><td>३०००००</td><td>१५००००</td></tr>
<tr><td>एकीकृत जैथुम होरुङ्ग देवघाट २</td><td>३०००००</td><td>१५००००</td></tr>
<tr><td>मास्दि दोभान देवघाट २</td><td>३०००००</td><td>१५००००</td></tr>
<tr><td>घण्टा चुली देवघाट २,३</td><td>३०००००</td><td>१५००००</td></tr>
<tr><td>नाम्बुङ देवघाट ३</td><td>३०००००</td><td>१५००००</td></tr>
<tr><td>आइलुङ्ग देवघाट ४</td><td>३०००००</td><td>१५००००</td></tr>
<tr><td>बगन्दी बाखा पकेट समुह देवघाट ५</td><td>३०००००</td><td>१५००००</td></tr>
<tr><td>जम्मा</td><td>२१०००००</td><td>१०५००००</td></tr>
</table>

फोटो सार्वजनिक नगरेकोः
बाखाको खोर निर्माण गरीसकेपछि उक्त खोर निर्माण गरेको फोटो सहितको विवरण पेश गर्नुपर्नेमा एकीकृत जैथुम होरुङ्गा बाखा पकेट समुहले मात्र फोटो सार्वजनिकीकरण गरेकोले अन्य ६ समुहले बाखा खोर बनाएको फोटो सार्वजनिक गरेको देखिएन।
</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>
लागत अनुमान पेश नभएको

सार्वजनिक खरिद ऐन २०६३ का दफा ५ अनुसार आवश्यक सामानको लागत अनुमान तयार गरेर मात्र खरिद गर्नुपर्दछ। तर पालिकाले उपभोक्ता तथा किसानले गरेको खरिद बिल अनुसार भुक्तानी गर्ने गरेको देखिएकोले वास्तविक
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लागत अनुमान तयार गरेर मात्र कृषि तथा पशु सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। यो वर्ष निम्म गोश्वारा भौचर तथा मितिबाट खरिद भएका सामानको स्थिति देहाए अनुसार रहेको छ।
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>सामानको नाम</th><th>सप्लायर्सको नाम</th><th>रकम</th><th>कार्यालयबाट अनुदान</th></tr>
<tr><td>२१२/२०७९।०३।२१</td><td>बाखा खोर निर्माण</td><td>विभिन्न ७ समुहहरु</td><td>२१५००००</td><td>१०५००००</td></tr>
<tr><td>२५५/२०७९।०३।२४</td><td>काउमेट र चापाकटर खरिद</td><td>एग्रो मेशिनरी सेल्स चितवन</td><td>२१३१४९८</td><td>१०६५७४९</td></tr>
<tr><td>२५६/२०७९।०३।२४</td><td>चिलिङ सेन्टर स्थापना</td><td>हवाइट हिमालयन इन्जिनीयरिङ</td><td>१४७००००</td><td>११०२५००</td></tr>
<tr><td>२६०/२०७९।०३।२४</td><td>दुध डेरी सप्लायर्स</td><td>एस एस इन्जिनियरिङ एण्ड रिसर्च सेन्टर</td><td>१८२७०००</td><td>१३७०२५०</td></tr>
<tr><td>२६१/२०७९।०३।२४</td><td>डिपिङ ट्याङ्क</td><td>कपिलबस्तु एफ आर पि</td><td>३०१०००</td><td>१५०५००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>प्रोडक्ट प्रा.लि.</td><td></td><td></td></tr>
<tr><td>२५०/२०७९।०३।२४</td><td>सुन्तला खेति</td><td>विभिन्न स्थानबाट</td><td>१५२२२७३</td><td>१०९०८७०</td></tr>
<tr><td>२७३/२०७९।०३।२४</td><td>लिची पकेट</td><td>देवघाट लिची पकेट क्षेत्र</td><td>४३१४९५</td><td>३७७०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९८३३२६६</td><td>६२०६८६९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>भरपाई पेश गर्नुपर्ने</td><td></td></tr>
<tr><td>८८.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा राखिएको श्रेस्ताको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। फौजी किरा नियन्त्रण कार्यक्रम अन्तर्गत पशु सेवा शाखाबाट खरिद भएका विषादी औषधि वितरण भएको नदेखिएकोले वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु</td><td>१३२,४००</td></tr>
<tr><td>८८.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार बिल, भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले कृत्रिम गर्भादान मिशन कार्यक्रम अन्तर्गत गणेश व्याग उद्योगबाट खरिद गरिएका १० सेट रेनकोट र १० पिस व्याग वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु</td><td>७,७८२</td></tr>
<tr><td>८८.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणित पुष्ट्याईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ। पशुसेवा शाखाको मासु मिशन कार्यक्रम अन्तर्गत १२ वटा डिपिङ टयाङ्क खरिद गरिएको तर बाख्रा पकेट क्षेत्रलाई डिपिङ्ग टयाङ्क हस्तान्तरण नभएकोले</td><td>२३५,९८०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			हस्तान्तरण भएको भरपाई पेश गर्नुपर्ने रु	
८९			**हर्जना** गाउपालिका र वडा नं ३ तहुडगिङ्ग रोल विकास संस्था वीच सुन्तला लगायत स्थानीय उपजहरुको संकलन तथा बिक्री वापतको रकम मिति २०७८ मार्ग २५ मा सम्झौता भई २०७८ चैत्र २४ मा बुझाउनुपर्नेमा प्रति केजी अमिलो फलफुल बिक्रीमा ३० पैसाका दरले शुल्क बुझाउने सहमति भएको र उक्त सुन्तलाको रसिद नं ५०१ देखि ७०० सम्म ४ ठेली आन्तरिक लेखापरीक्षणको समयमा फेला नपरेको उल्लेख भएको र उक्त रकम राजश्व खातामा दाखिला नभएको सम्बन्धमा अन्तिम लेखापरीक्षण हुँदा उक्त ४ ठेलीको रसिदको राजश्व रु ७१३२५ मध्ये मिति २०७९।०७।०३ मा रु ६०००० र २०७९।०७।२८ मा रु ११३२५ कार्यालयको आन्तरिक राजश्व खातामा जम्मा भएको देखिएकोले ढिला बुझाए वापत १० प्रतिशत हर्जना सहित २०७८ चैत्र २५ देखि ७ महिनाको हर्जना गर्नुपर्दछ।	
९०			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गरायन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्येश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत विभिन्न १७ आयोजनामा पदमार्ग, सडक नाली, ग्याबिन जालीको काम, खोलाको तटबन्ध, विद्यालयको मैदान संरक्षण, बाटो मर्मत, पहिरो नियन्त्रण, कुलो मर्मत, वडाको प्रतिक्षालय निर्माण, खोलसी नियन्त्रण जस्ता कामका लागि रु ३५०४३०६। खर्च लेखेको देखियो। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत गरी परिचयपत्र वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बेरोजगार व्यक्तिहरुको सूचि तयार गरी प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यमा सहभागी गराउनुपर्नेमा सो गराएको देखिएन। वास्तविक बेरोजगार व्यक्तिले नै रोजगारी पाए भन्ने आधार देखिँदैन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९१</td><td>१८४</td><td>२०७९-३-२०</td><td>छात्रवृत्ति रकम बढी निकासा

कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति सम्बन्धमा उल्लेख भएबमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सो का आधारमा विद्यालयहरुलाई तपसिल अनुसार छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था छ । तर पालिकाअन्तर्गतका विद्यालयहरुलाई उपलब्ध गराएको रकम र छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको भरपाई भिडान गर्दा देहाएका विद्यालयहरुमा बढी निकासा गएको देखिएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>निकासा गएको रकम</th><th>भरपाईबाट देखिएको रकम</th><th>बढी निकासा रकम</th></tr>
<tr><td>१</td><td>श्री भृकुटी मा.वि.</td><td>३८८००</td><td>३४४००</td><td>४४००</td></tr>
<tr><td>२</td><td>पार्वती मा.वि.</td><td>४५६००</td><td>४४०००</td><td>१६००</td></tr>
<tr><td>३</td><td>सिद्धमहाकाली मा.वि.</td><td>२२४००</td><td>२०८००</td><td>१६००</td></tr>
<tr><td>४</td><td>लक्ष्मी आ.वि.</td><td>५६००</td><td>४८००</td><td>८००</td></tr>
<tr><td>५</td><td>मुकुन्देश्वरी आ.वि.</td><td>६८००</td><td>६०००</td><td>८००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td colspan="2">९२००</td></tr>
</table></td><td>९,२००</td></tr>
</table>

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण

क्र.सं.	बेरुजुको विवरण
१	एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसारको रकम फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गर्नु हो। यस सम्वन्धमा छलफल गर्दा पालिकाले वजेट वनाउदा करार सेवामा रकम नराखी पारिश्रमिक कर्मचारी शिर्षकमा नै करारका कर्मचारीको लागि वजेट राख्दा उक्त शिर्षकवाट नै तलव भुक्तानी गर्नुपरेको कार्यालयले जनाएको छ। वजेट वनाउने वेलामा विशेष ध्यान दिइ खर्च शिर्षक मिल्ने गरी तयार गर्नुपर्दछ।

भौ नं	खर्चको व्यहोरा	खर्च गर्नुपर्ने शिर्षकको नाम	खर्च गरेको शिर्षकको नाम	खर्च रकम
१७४	बाल विकास केन्द्र तथा कर्मचारीको तलब	करार सेवा शुल्क	पारिश्रमिक कर्मचारी	९२६५३३
३१६	बाल विकास केन्द्र तथा कर्मचारीको तलब	करार सेवा शुल्क	पारिश्रमिक कर्मचारी	११९७०००
जम्मा				**२१२३५३३**